*"कृषि, शिक्षा, पर्यटन, उद्योग, भौतिक पूर्वाधार : समावेशी र समृद्ध राजापुरको मूल आधार"*

# नगर उप-प्रमुख श्री मनकला कुमारी चौधरीज्यूद्वारा नवौं नगर सभामा प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रम

## आ.व. २०७९।२०८०

**राजापुर नगरपालिका**

लुम्बिनी प्रदेश

२०७९ असाढ ०८ गते

राजापुर नगरपालिकाको

गरिमामय नवौं नगर सभाका सभाध्यक्ष ज्यू

उपस्थित सभाका सम्पूर्ण सदस्य ज्यूहरु,

सर्ब प्रथम देशमा समाजिक रुपान्तरण र शासकिय स्वरुप परिवर्तनका लागि भएका विभिन्न आन्दोलन, जनआन्दोलन, जनयुद्धमा आफ्नो जीवन बलिदान गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धा शुमन अर्पण गर्दै देशमा परिवर्तनका लागि भएको ऐतिहासिक, जनयुद्ध, जनआन्दोलन, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीद तथा बेपत्ता नागरिकहरुलाई स्मरण गर्दै सम्मान प्रकट गर्दछु । उहाँहरुको सपना साकार बनाउन सधै सचेत रहने यो सम्मानित सभामा प्रण गर्दछु ।

कृषी शिक्षा पर्यटन, उद्योग भौतिक पूर्वाधारः समावेशी र समृद्ध राजापुरको मुल आधार' भन्ने मूल नाराका साथ संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल, लुम्बिनी प्रदेश, बर्दिया जिल्ला राजापुर नगरपालिकाको गरिमामय नवौं नगर सभामा यस नगरपालिकाको नगर-उपप्रमुखको हैसियतले आ.व.२०७९/८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरिरहेको छु ।

सभाध्यक्ष महोदय,

यस गरीमामय सभामा प्रस्तुत नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका लक्ष्य र उद्‌देश्यहरुबाट प्राप्त मार्गदर्शन, दिगो विकास लक्ष्य, क्षेत्रगत तथा राष्ट्रिय नीतिहरु एवम् योजना तर्जुमाका क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सुझावहरु, विगत तथा चालु आ.व. का नीति तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलब्धिहरु समेतका आधारमा आगामी आ.व. २०७९/८० को लागि यो वार्षिक, नीति तथा कार्यक्रम तयार पारेको छु । यस वार्षिक नीति तथा कार्यक्रमको



दिपेश थारु
नगर प्रमुख

कार्यान्वयन बाट स्थानिय उदेश्य राष्ट्रिय लक्ष र संविधानको मर्मलाई पुरा गर्ने विश्वास लिएको छु ।

नगर सभा सदस्यहरु,

स्थानीय तहको दोस्रो निर्वाचणबाट निर्वाचित हामी जनप्रतिनिधिहरु हाम्रो स्थानीय सरकारप्रति जनताको बढ्दो आकांक्षाका कारण थुपै चुनौति र समाजिक जिम्मेवारी वहन गर्नु पर्ने अवस्था छ । यो नगरपालिका लुम्बिनि प्रदेशको मुकाम बाट हेर्दा भौगोलिक रुपमा बिकट सामाजिक आर्थिक अवस्थाले पछाडी परेको कारण धेरै दाजु भाई दिदि बहिनीहरु विदेशिन र निम्न स्तरको श्रम गर्न बाध्य छन् । सिमित श्रोत साधनलाई जनताका आपेक्षा पुरा गर्न भर पुर प्रयत्न गरिनेछ । जनआकांक्षा र स्थानीय आवश्यकता बिच तालमेल मिलाउन अधिकतम जनसहभागीता कायम गर्दै प्राप्त हुने लाभ र लागतका आधारमा पिछडिएका जातजाती, दलित, उत्पिडित, महिला, बालबालिका, अपाङ्गता, आदिवासी जनजाती, विपन्न लोपउन्मुख वर्ग, मुक्त कमैया, कमलहरी समुदायको उत्थानका लागि उहाँहरुको सक्रिय र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै विकासको प्रतिफलमा सामानुपातिक पहुँच हुनेगरी सरकारी, निजी तथा गैह् सरकारी क्षेत्रको समन्वयमा चालु आ.व. २०७९/८० को नीति तथा कार्यक्रम तयार गरिएको छ ।

नगर सभाका अध्यक्ष ज्यू,

अब म आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु । राजापुर नगरपालिका नगरवासीसँग गरेको प्रतिवद्धता अनुरुप "कृषि, शिक्षा, पर्यटन, उद्योग, भौतिक पूर्वाधारः समावेशी र समृद्ध राजापुरको मूल आधार" भन्ने नारालाई साकार पार्न दृढा अठोटका साथ अघि बढीरहेको छ । यस अगाडि तयार भएका लक्ष र प्रतिवद्धता लाई क्रमश निरन्तरता दिदै क्षेत्रगत रुपमा सुधारका नीति तथा कार्याक्रम अघि बढाईएको छ ।

नीति तथा कार्यक्रमलाई बजेटसँग पुर्ण रुपमा तारतम्य मिलाउने प्रयास गरिनेछ । मुलत सामाजिक रुपान्तरणका लागि शिक्षा, स्वास्थ्य, कृषि, पशु, युवा रोजगार र विपद् व्यवस्थापनका कार्यक्रमलाई प्राथमिकतामा राखी यस क्षेत्रको कला सँस्कृति रितिरिवाज पहिचानलाई संरक्षण र सम्बर्द्धन गर्ने गरि नीति तथा कार्यक्रम तयार गरेको छु । हाम्रा नीतिहरु स्थानिय आवश्यकता जनताका माग



दिपेश थारु
नगर प्रमुख

राष्ट्रिय नीति संविधानको मर्म दिगो विकास र सहश्राब्दी विकास लक्ष्यलाई प्राप्त हुने गरि आवश्यक व्यवस्था मिलाईएको छ ।

१. यस नगरपालिकाभित्रका कर्मचारी तथा शिक्षकहरुलाई सकृया राजनिती गतिविधीहरुमा सलग्न नरही पेशा प्रति प्रतिबद्ध भै पेशागत मर्यादा कायम गर्न उत्प्रेरित गरिनेछ ।

२. नगर स्तरिय शैक्षिक योजना निर्माण गरि स्थानिय शिक्षा समितिको निर्णय अनुसार दरबन्दि थप र मिलान गरि गुणस्तरिय शिक्षाका लागि ठोस योजना निर्माण गरिनेछ ।

३. प्राथमिक तहबाटै गुणस्तरिय सिकाईका लागि स्थानिय स्तरमै एक शैक्षिक तालिम केन्द्रको स्थापना गरि शिक्षक तथा विद्यालय कर्मचारीको पेशागत दक्षता अभिबृद्धी लागि विभिन्न किसिमका तालिम गोष्ठीको निरन्तर संचालन गरिनेछ ।

४. पालिका स्तरमा स्थानिय स्रोत साधनको प्रयोग हुने गरि व्यवसायिक शिपमुलक रोजगार मुलक प्राविधिक केन्द्र स्थापना गरिनेछ ।

५. प्रत्येक वर्ष १ विद्यालयलाई नमुना विद्यालय बनाउदै अति विपन्न , असाय , टुहुरा बालबालिका का लागि आबासिय विद्यालय निर्माण गरि शिक्षा प्रदान गरिनेछ ।

६. विद्यालयका विद्यार्थी विच सकारात्मक शिकाईका लागि वर्षको १ पटक शैक्षिक मेलाको आयोजना गरिनेछ ।

७. प्र. अ. र शिक्षा शाखा विच प्र अ र शिक्षक विच कार्य सम्पादन संम्झौता गरि सोहि संम्झौता को आधारमा मुल्याङ्कन गरिने परिपाटि बसालिने छ र राम्रो नतिजा दिने शिक्षकलाई सम्मान र पुरस्कृत गरिनेछ ।

८. सबै विद्यालयमा ई-हाजिरिको व्यवस्था गरि विद्यालयको अनुगमन डिजिटल प्रविधि बाट सुरु गरिनेछ ।

दिपेश थारू
नगर प्रमुख

९. सामुदायिक विद्यालयबाट कक्षा ८ र SEE उतिर्ण गरेका गरिब तथा जेहेनदार विद्यार्थीलाई MBBS, ईन्जिनियर प्राविधिक शिक्षामा अध्ययन गर्नका लागि एक छात्रबृती कोष स्थापना गरि १-१ जना लाई प्रत्येक वर्ष अध्ययन गराईनेछ ।

१०. शिक्षाको आधार प्रा. वि. तह भएकोले, प्रत्येक विद्यालयमा ईन्टरेनेटको व्यवस्था गरि डिजिलट प्रविधि द्वारा शिक्षण सिकाईका लागि आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ ।

११. फरक क्षमता भएका बालबालिकाहरुलाई एक विद्यालयमा अध्ययनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१२. राजापुर नगरपालिकाको स्थानीय पाठ्यक्रम तयार गरि सोहि अनुसार पठन पाठनको ब्यबस्था मिलाइनेछ ।

१३. शिक्षा क्षेत्रलाई थप व्यवस्थित तथा नियमित गर्ने आवश्यक पर्ने कार्यविधि, मापदण्ड तथा ऐन नियमहरु सबै सरोकारवाला समेतको सहयोगमा निर्माण गरि कार्यान्वयन गरिनेछ ।

१४. कक्षा १२ सम्मको शिक्षा निशुल्का लागि आवश्यक बजेट व्यवस्था गरिने छ । विद्यार्थी भर्नालाई निरन्तरता दिदै ड्रपआवट भएका विद्यार्थीहरुको खोजीनिति गरि शिक्षामा निरन्तरा दिईने बातावरण मिलाईनेछ ।

१५. शैक्षिक पात्रो निर्माण र कार्यान्वयन, विभिन्न किसिमका छात्रवृत्ति व्यवस्थापन र वितरणका साथै पूर्ण साक्षर राजापुर नगरपालिका घोषणा गर्ने अभियानलाई निरन्तरता दिइनेछ ।

१६. शैक्षिक गुणस्तरको सुनिस्चितताका लागि हरेक शैक्षिक संस्थामा त्रैमासिक परिक्षा मुल्याङ्कन गर्ने नीति लिईनेछ ।

१७. विद्यालय तहमा संचालन गरिने सबै कक्षा र परीक्षाहरुको निरीक्षण गरि आवश्यक पृष्ठपोषणलाई निरन्तरता दिईनेछ साथै आधारभुत तह उत्तीर्ण परीक्षाको उपलब्धिको आधारमा उत्कृष्ट विद्यार्थी र विद्यालयलाई पुरस्कृत गरिनेछ ।

दिपेश थारु
नगर प्रमुख

१८. बालविकासमा अध्यापन गराउने शिक्षक तथा कार्यलय सहयोगीहरुको लागि नियममानुसार थप गर्नुपर्ने आवश्यक रकमको व्यवस्था मिलाईनेछ ।

१९. विद्यालयहरुमा बालउद्यान निर्माणको प्रक्रियालाई यसै वर्षदेखि प्रारम्भ गरिनेछ । सुरुमा ५ वटा विद्यालयहरु लाई छनोट गरि नमूनाको रुपमा अगाडी बढाईनेछ ।

२०. नगरभित्रका सबै विद्यालयहरु २ वर्षभित्र तोकिएको एउटै कलरमा रंगरोगन गर्ने व्यवस्था मिलाइनेछ ।

२१. प्रत्येक विद्यालयमा एक फोहोरमैला व्यवस्थापन कोष स्थापनाका लागि आवश्यक सहयोग गरिनेछ ।

२२. संस्थागत विद्यालयमा अनियमित रुपले लिइने कुनै पनि शैक्षिक शुल्क नियन्त्रण गरि अनुमति बिना संचालनमा रहेका संस्थागत विद्यालयलाई नियमन गरिनेछ साथै ति विद्यालयहरु अनुगमन गरि स्वच्छ, स्वस्थ र सुरक्षित विद्यालय निर्माणका लागि पहल गरिनेछ ।

२३. सामुदायिक विद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था मिलाईने छ । एक वडा एक माध्यमिक विद्यालय स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

२४. बालबालिकालाई कलात्मक र बालमैत्री बातावरणमा प्रयोगात्मक शिक्षण विधि द्वारा सिकाइने वातावरण मिलाइनेछ ।

२५. गरिबीका कारण विद्यालय बाहिर (ड्रपआवट) हुने बालबालिकाका परिवारलाई पहिलो प्राथमिकतामा राखी स्थानिय रोजगार सेवा कार्यक्रममा सिफारिस गरिनेछ ।

२६. यस नगरपालिका भित्रका विद्यालयहरुमा निःशुल्क स्यानिटरी प्याड वितरणलाई निरन्तरता दिईनेछ ।

दिपेश थारु
नगर प्रमुख

२७. विद्यालयमा जुनियर युवा रेडक्रस, युवा रेडक्रस, नेपाल स्काउट र बालक्लबहरु गठन गरि विभिन्न सृजनात्मक कृर्याकलापहरु सञ्चान गरिनेछ ।

२८. राजापुर नगरपालिकाको वडा नं. ४ संघर्षनगरमा रहेको शिशु स्याहार केन्द्रलाई थप व्यवस्थापन गरिनुका साथै अन्य स्थानहरुमा पनि यस्ता शिशु स्याहार केन्द्रहरु स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

२९. युवाहरुलाई खेलकुद प्रति आक्रषित गर्दै खेलकुदलाई पेशामा बदलि जिविकोपार्जनका लागि सक्षम बनाउन एक खेलकुद एकेडेमिको स्थापना गरिनेछ ।

३०. वडा र पालिका स्तरमा युवा तथा बाल क्लब सञ्जाल निर्माण गरि सिर्जनशिल र रचनात्मल बन्न सञ्जाललाई सहयोग गरिनेछ ।

३१. प्रत्येक वडामा ई लाईबेरि, पुस्ताकलय, बाचनालय, ईन्टरनेट फ्रि जोन र सूचना केन्द्र स्थापना गर्न प्रकृया अगाडी बढाईनेछ ।

३२. मेयरकप प्रतियोगिता लाई निरन्तरता दिदैं अतिरिक्त क्रियाकलापलाई व्यवस्थित तरिकाले अगाडि बढाउन राजापुर नगरपालिका भित्र १ देखि १० वटै वडामा खेल मैदानको सम्भाव्यता अध्ययन गरि व्यवस्थापनको लागि पहल गरिनेछ । निर्माणाधिन रङ्गशालाको पुर्णताका लागि संघिय र प्रदेश सरकारसँग समन्वय गरि सम्पन्न गरिनेछ ।

३३. युवा क्लाबहरु गठन गरी युवाको नेतृत्व विकासका लागि नीति सम्बाद कार्यक्रम संचालन गरिनेछ र युवा प्रतिभा पहिचान गरि प्रोत्साहनका लागि पुरस्कारको व्यवस्था गरिनेछ, युवा दिवशका लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।

३४. नगर स्तरीय खेलकुद समिती गठन गरिने छ । नगर स्तरिय खेलकुद विकास समिती गठनका लागि आवश्यक कार्यविधि बनाईनेछ ।

३५. नेपाल सरकार द्वारा घोषित पाटन स्वास्थ्य विज्ञाण प्रतिष्ठान अस्पतालको शाखा स्थापनाको लागि राजापुर नगरपालिकाबाट जग्गाको उपलब्धता सहित आवश्यक सहयोग र समन्वय गरिनेछ ।



दिपेश थारु
नगर प्रमुख

३६. निशुल्क स्वास्थ्य सेवा लाई भर पर्दो र विश्वसनिय बनाउन आम स्वास्थयकर्मिको राय सुझाव अनुसार स्वास्थ्य सेवा लाई सबल , सक्षम , प्रभावकारि बनाउन नीतिगत र व्यवस्थापकिय सुधार गरिनेछ ।

३७. विशेषज्ञ डाक्टरको व्यवस्था गरि प्राथिमक स्वास्थ्य केन्द्र राजापुरबाट विशेषज्ञ सेवा उपलब्ध गराईनेछ ।

३८. निःशुल्क वितरित औषधिलाई सबै स्वास्थ्य कर्मिको सल्लाह अनुसार गुणस्तर भरपर्दो औषधि खरिद गरि भण्डारण र वितरणको व्यवस्था मिलाईनेछ ।

३९. पालिका स्तरको नगर अस्पताल, वडा स्तरको स्वास्थ्य संस्थाको भौतिक सुधार गरि प्रत्येक स्वास्थ्य संस्थामा गुणस्तरिय ,ल्याव सेवा, प्रसुति सेवाको व्यवस्था गरिनेछ ।

४०. जेष्ठ नागरिक अशक्त व्यक्तिलाई घर दैलोमै स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

४१. सर्प दम्स उपचारका लागि नजिकमा रहेका पालिकासित सहकार्य गरि सर्प दम्स उपचार केन्द्रको स्थापना गरिनेछ ।

४२. महिला स्वयम सेविकाको मनोबल उच्च राख्नका लागि पालिकाबाट प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।

४३. परम्परागत वैध्य हरुलाई आवश्यक ज्ञान सिप प्रदान गरि उनिहरुको शिप लाई स्थानिय स्वास्थ्य सेवामा आबद्ध गरिनेछ ।

४४. वडा न ३ को स्वास्थ्य चौकीको भवन यहि वर्ष प्रदेश सरकार सँग बजेट माग गरी बनाईनेछ ।

४५. हजार दिने आमा सँग उप प्रमुख कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४६. सबै तहका स्वास्थ्य संस्थाहरुबाट तोकिए बमोजिमको निःशुल्क आधारभुत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवा सुनिश्चित गरी आर्युबेद, योगा तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणालीलाई एकीकृत रुपमा बिकास तथा बिस्तार गरिनेछ ।



दिग्विजय थारु
नगर प्रमुख

४७. सरुवा रोग, किटजन्य रोग, पशुपंक्षी जन्य रोग, जलबायु परिबर्तनको असर कोरोना भाईरस जस्ता महामारी नियन्त्रणका लागि आवश्यक उपचारको व्यवस्था मिलाईनेछ ।

४८. नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

४९. पूर्ण खोपयुक्त तथा पूर्ण संस्थागत सुत्केरी' कार्यक्रमलाई निरन्तरता दिदै आगामी दुई वर्ष भित्र पूर्ण पोषणयुक्त वडा र नगरपालिका घोषणा गरिनेछ।

५०. प्राथमिक स्वास्थ्य केन्द्र राजापुरमा १५ सैयाको अस्पताल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

५१. प्राथमिक स्वास्थ्य केन्द्र राजापुरबाट दिईने स्वास्थ्य सेवालाई गुणस्तर भरपर्दो विश्वसनियता बनाउनका लागि आवश्यक जनशक्ति व्यवस्थापन भौतिक सुधार गरिनेछ ।

५२. प्रसुती सेवालाई प्रभावकारी, गुणस्तरीय बनाउन प्रशूती सेवामा संलग्न नर्सिङ स्टाफलाई एस.बि.ए. तालिम र आकस्मिक चक्र कोष प्रणालीलाई निरन्तरता दिईनेछ ।

५३. स्वयंसेविका विउ पूँजी कोषको माध्यमबाट निबृत भई जाने सबै स्वयंसेविकाहरुलाई जनही ३० हजारको दरले प्रोत्साहन उपलब्ध गराई सम्मान पुर्वक विदाई गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

५४. बर्दिया आयुर्वेद स्वास्थ्य केन्द्र मार्फत राजापुर नगरपालिकामा स्थापित नगरिक आरोग्य सेवा केन्द्रको सेवा विस्तार गरि आवश्यक औषधिहरुको व्यवस्था गरिने छ । सो सेवा केन्द्रबाट समय समयमा आयुर्वेद स्वास्थ्य शिविर योग अभ्यासहरु गर्ने व्यवस्था मिलाईने छ ।

५५. राजापुर नगरपालिका भित्र निजि क्षेत्रले चलाएका स्वास्थ्य उपचार केन्द्र, ल्याब सेवा, औषधी पसलहरु स्वास्थ्य शाखाबाट अनुगमन गरि गुणस्तरिय सेवाको लागि नियमन र समन्वय गरिनेछ ।

दिपेश थारु
नगर प्रमुख

५६. यसै आर्थिक वर्षमा निशुल्क सेवा दिने गरि सव बहानको व्यवस्था गरिनेछ ।

५७. स्वास्थ्य सेवा शाखा बाट प्रदान गरिने सेवाहरुलाई उपयुक्त माध्यम बाट सुचना प्रबाह गर्ने व्यवस्था मिलाईनेछ ।

५८. विभिन्न कारणले मानसिक स्वास्थ्यमा असर परेका व्यक्तीहरुको पहिचान गरि उपयुक्त मनोसामाजिक परामर्श दिईनेछ ।

५९. कृषिलाई व्यवसायिकरण गर्दै आत्म निर्भर बनाउनका लागि चक्ला बन्दि गर्दै पकेट खेतिका लागि अनुदानको व्यवस्था गरि युवा कृषकलाई कृषि पेशा अगाल्न प्रोत्साहित गरिने छ । कृषिको दिगो विकासका लागि धान, गहुँ, तोरी, आलु तथा मसाला बालीहरुका विजबृद्धीका लागि पकेट क्षेत्र निर्धारण गरी उत्पादनमा सहभागी इच्छुक कृषक उद्यमी, कृषक समुह, सहकारी, निजी क्षेत्र, स्थानीय समुदाय, प्रदेश, संघीय सरकारसँगको सहकार्यमा पकेट व्लक कार्यक्रम सञ्चालन गरिनेछ ।

६०. कृषि उत्पादनले बजार नपाएको अवस्थालाई मध्यनजर गर्दै सहकारी संस्था सित सहकार्य गर्दै संकलन केन्द्र स्थापना गरि बजारिकरणमा कृषकलाई उत्पादन देखि बजार सम्म पुगाउने ठोस नीति अवलम्बन गरिनेछ ।

६१. कृषकहरुलाई आफ्नो उत्पादनको आफै मालिक बन्ने उदेश्यलाई साकार वनाउन कृषकको उत्पादन खरिद बिक्रिका लागि सहकारि सस्थाहरुलाई प्रोत्साहित गरिने छ । यसरी सहकारी मार्फत खरिद विक्री गर्ने कृषकलाई उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ ।

६२. व्यवसायिक कृषि खेतिलाई प्रोत्साहित गर्दै मल, बिउ उत्पादन सङकलन वितरणका लागि कृषक, समुह, सहकारि सित लागत साझेदारिका कार्यक्रम संचालन गरिनेछ ।

६३. नगरभित्रका सहकारीहरुलाई सामुहिक कृषि उत्पादन गर्न लगानी मैत्री वातावरण तथा विशेष अनुदानको व्यवस्था गरि सहकारी संघ संस्थामार्फत उत्पादित वस्तुहरूको प्रशोधन, भण्डारण, बजारीकरण र



दिपेश थारु
नगर प्रमुख

विविधिकरण सम्बन्धि आयोजनाको लागि प्राविधिक सहयोग उपलब्ध गराईनेछ । 'एक वडा एक हाट बजार' कार्यक्रम अगाडि बढाइनेछ ।

६४. कृषकले उत्पादन गर्ने तरकारी बजार नपाएर खेर गईरहेको अवस्थालाई मध्येनजर गर्दै गरिवि निवारणकालागि लघुउद्यम विकास कार्यक्रम मार्फत बैकल्पीक सिप दिईनेछ ।

६५. कृषकहरुको मागको अधारमा तरकारी संकलन केन्द्रको स्थिापना गरिनेछ । सो तरकारीलाई बजार सम्म ढुवानीको लागि कृषि ऐम्बुलेन्स उपलब्ध गराईनेछ ।

६६. व्यक्ति समुहले पकेट खेति गर्न चाहेमा उन्नत बिउ अनुदान पालिका बाट उपलब्ध गराईने र मलको लागि आवश्यक सहजिकरण गरिनेछ ।

६७. तरकारी पकेट क्षेत्रहरुको निर्धारण गरी तरकारी र फलफुल खेती तर्फ किसानहरुलाई आकर्षित गर्दै सिचाइँ नपुगेका स्थानहरुमा साना सिचाइँ तथा थोपा सिचाइँको व्यवस्था गरिनेछ ।

६८. कृषिमा आधारित पकेट क्षेत्रहरु पहिचान गरी धान, गहुँ, तोरी, तरकारी, फलफुल तथा मसाला बालीहरुको लागि जग्गा चक्लाबन्दी गरी पकेट विकास कार्यक्रमको सञ्चालन गरी उत्पादन र उत्पादकत्व बृद्धी गरिनेछ ।

६९. बागबानी विकास कार्यक्रम अन्तर्गत मौसमी तथा बेमौसमी तरकारी उत्पादन फलफूल तथा तरकारी नर्सरी स्थापना, फलफूल बगैचा विस्तार कार्यक्रम मार्फत कृषिको पोषण तथा आर्थिक विकासमा जोड दिने कार्यक्रम ल्याइनेछ ।

७०. बाली संरक्षण गर्न आकस्मिक बाली संरक्षण सेवा, कृषि विमा, प्लान्ट क्लिनिक, आई.पि.एम. कार्यक्रम विषादीको बैज्ञानिक प्रयोग तथा मानव स्वास्थ्यमा असर गर्ने विषादी बारे सचेतनामुलक कार्यक्रम संचालनमा ल्याइनेछ ।

७१. दिगो कृषि पर्यावरणीय र बैज्ञानिक खेतीको लागि एकिकृत खाद्यतत्व व्यवस्थापनको लागि माटो उर्वराशक्ति कायम राख्दै माटो परिक्षण



दिपेश थारु
नगर प्रमुख

ल्याव सेवा, कम्पोष्ट मल तथा हरियो मलको प्रदर्शनी कार्यक्रम, भर्मिकम्पोष्ट जस्ता कार्यक्रम संचालनमा ल्याई दिगो कृषि उत्पादनमा सुचिश्चिता गरिनेछ ।

७२. कृषि उत्पादन, उत्पादकत्व बृद्धी, कृषिमा आधुनिकरण र औद्योगीकरण गरी कृषिमा लागत न्यूनिकरण गर्न कृषि यन्त्र उपकरणको प्रयोग कृषक समक्ष पुर्याउन कृषि यन्त्र उपकरणमा अनुदान उपलब्ध गराइनेछ ।

७३. कृषि प्रोफाइल अनुरुप बाँझो जग्गाहरुको एकिकृत तथ्यहरु संकलन र पूर्ण उपयोगको व्यवस्था मिलाईनेछ । खेतीयोग्य जग्गालाई बाँझो हुन नदिन खाद्य बाली, नगदे बाली, तरकारी खेती, फलफुल खेती, मसलाबाली खेतीप्रति कृषकहरुलाई आकर्षण गर्न भूमि बैंकको अवधारणा कार्यन्वयनका लागि सहजिकरण गरिनेछ ।

७४. कृषि पेशालाई सम्मानित तथा मर्यादित बनाउनकालागि अगुवा तथा नमूना कृषकहरुलाई परिचय पत्र वितरण प्रकृया अगाडी बढाईनेछ । कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धीका लागि विभिन्न किसिमका अनुदान तथा विशेष अनुदान, मिनी ल्याव स्थापना गरी कृषकहरुको उत्पादन बृद्धी गरिनेछ । अति विपन्न कृषकहरुको लागि अनुदानमा साना मेसिनरी औजार वितरण कार्यक्रम विगतका वर्ष जस्तै निरन्तरता दिईनेछ ।

७५. प्राङ्गारिक खेतीलाई जोड दिदै कम्पोष्ट मल उत्पादन कार्यलाई जोड दिई रासायनिक मलको सहज आपूर्तिकालागि आवश्यक समन्वय गरिनेछ ।

७६. एक वडा एक उत्पादनको नीति अवलम्बन गरि ब्लक खेति गर्न चाहनेहरुको लागि लागत साझेदारीमा सहयोग गरिनेछ ।

७७. प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तरगत विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

दिपिशा थारु
नगर प्रमुख

७८. कोल्ड स्टोरको डि पि आर तयार भै सकेकोले त्यसको स्वामित्व स्थानिय जनता र सहकारीलाई दिने गरि निर्माण कार्य अगाडी बढाईने छ ।

७९. बेरोजगार युवा तथा कृषकहरुलाई पशुपालन र तरकारी खेतीमा आत्मानिर्भर हुने र व्यवसायमा आकर्षित गर्न नगर प्रमुख युवा उद्यमी कृषक प्रर्वधन कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

८०. उत्पादन तथा उत्पादकत्व बृद्धी सँगै उत्पादन लागत कम गर्न पशु आहार सेवा कार्यक्रम संचालन गरिनेछ र पशुपालन व्यवसायलाई समय सापेक्ष व्यवस्थित गर्न पशुपालक कृषकहरुलाई विषयगत तालिम तथा जनचेतनामुलक कार्यक्रमहरुको संचालन गरिनेछ ।

८१. पशुको नश्ल सुधार गरि पशुजन्य उत्पादकत्व बृद्धिका लागि सम्बन्धित निकायहरुसँगको समन्वयमा कृत्रिम गर्भाधान कार्यक्रमहरुको विस्तार गरिनेछ ।

८२. संघिय सरकारले तोके बमोजिमको एक वडा एक कृषि-पशु प्राविधिक कार्यक्रमलाई आवश्यक समन्वय गरि अगाडी बढाईनेछ ।

८३. उन्नत पशुपालनका लागि गोठ तथा भकारो सुधार कार्यक्रम संचालन गरि पशु पकेट स्थापना गर्न कृषकलाई प्रोत्साहित गर्दै अनुदानमा बिज वोयर बोका, उन्नत जातको राँगो, बङ्गुरको बिर वितरण गरिनेछ ।

८४. कृषकहरुले उत्पादित दुध व्यवस्थित रुपमा संकलन र बजारिकरणका लागि समुह, व्यक्तीहरुलाई अनुदानमा क्यान, डि फ्रिज बितरण गरिने, चिस्यान केन्द्र स्थापनाका लागि अनुदानको व्यवस्था गरिनेछ ।

८५. अनुदान कार्यक्रमलाई ठोस बनाउन अनुदान Software राखि अनुदानको न्यायोचित वितरण गरिनेछ ।

८६. व्यवसायिक कृषकहरुको लागि पालिका बाट प्राविधिक सेवा घरघरमा उपलब्ध गराईदै बालि, पशु बिमाको कार्यक्रम सञ्चालन गरिने छ । कृषि तथा पशुपन्छी बीमा कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।

दिपेश थारु
नगर प्रमुख

८७. विदेशबाट फर्किएका तथा बेरोजगार युवाहरुलाई कृषि तथा पशु पालन पेशामा आकर्षित गर्न कृषि यान्त्रिकरणलाई जोड दिईनेछ । कृषक तथा सम्बन्धित सरोकारवालाहरुको समन्वयमा खाद्यन्नवाली (धान, गहुँ, मकै) को बीउ उत्पादन कार्यक्रम संचालन गरिनेछ ।

८८. भुगोल, श्रोत, साधनको उपलब्धता तथा आवश्यकता समेत मध्यनजर गरी कृषि, पशुपालन तथा मत्स्य व्यवसायका पकेट क्षेत्रहरु नीर्धारण गरिनेछ ।

८९. सबै वडाका दलित समुदायहरुमा गठन भई संचालनमा रहेका बाख्रापालन समूहहरु र तिनीहरु द्वारा संचालित सहकारीहरुलाई विशेष प्राथमिकतामा राखी विभिन्न किसिमका तालिम तथा व्यवस्थापनका क्रियाकलापहरु संचालन गरिनेछ भने समूहमा आवद्ध रहेका सबै कृषकहरुले पालेका पशुहरुको निशुल्क औषधी उपचारको व्यवस्था गरिनेछ ।

९०. पशुपालन र कृषिलाई पकेट क्षेत्र तोकी बेरोजगार युवाहरुलाई रोजगार दिन व्यवसायीक पशुपालन तथा व्यवसायीक कृषिमा विशेष जोड दिइनेछ ।

९१. स्वच्छ र स्वस्थ मासु उपभोक्ता सम्म पुर्याउन आवश्यक तालिमको व्यवस्था गरि आधुनिक सटर हाउस, पशु बधशाला निर्माण प्रक्रिया अगाडि बढाईने छ ।

९२. युवाहरुको बढ्दो बैदेशिक पलायनलाई निरुत्साहित गर्न "कृषि क्षेत्रमा आकर्षसित मागमा आधारित अनुदान" कार्यक्रमको नीति बनाई कार्यान्वयन गरिनेछ ।

९३. भूगोल र हावापानी सुहाँउदो जातको मौरी पालनलाई व्यवस्थित गर्न मौरी पालन समूह गठन गरी मौरी पालन व्यवसायलाई प्रबर्द्धन र विस्तार गरिनेछ । आगामी आ.व.मा मौरीको घार अनुदान कार्यक्रम अगाडि बढाइनेछ ।

दिपेश थारु
नगर प्रमुख

९४. वडागत बजेट विनियोजन गर्दा वडाको भुगोल, जनसंख्या, विकासको सुचकको अधारमा बजेट सिलिङ्ग तयार गर्ने नीति कार्यान्वयन गरिनेछ ।

९५. समग्र राजापुर विकासको लागि सर्वपक्षिय छलफल बाट यस आर्थिक वर्षमा राजापुर नगरपालिकाको नगर गुरुयोजना तर्जुमा गरि अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन विकास लक्ष्यहरु निर्धारण गरिनेछ र नगर गुरुयोजनाका आधारमा योजनाहरुको प्राथमिकता क्रम निर्धारण गरेर आगामी वर्षहरुमा योजनाबद्ध ढंगले भौतिक निर्माणका कार्यहरु संचालन गरिने र योजना बैङ्क बनाईनेछ ।

९६. बहु बर्षिय योजना सँगै समग्र राजापुरको विकासका लागि मुल सडकबाट वडा कार्यालय जोड्ने र वडा देखि पालिका जोडने सडकहरु कालोपत्रे गर्न आवश्यक बजेटको व्यवस्था गरी निरन्तरता दिईनेछ ।

९७. निर्माणाधिन वडा कार्यालयको भवनलाई यसै आर्थिक बर्षमा निर्माण सम्पन्न गरि बाँकी वडा कार्यालयहरुको भवन निर्माण प्रकृया अगाडी बढाईनेछ ।

९८. आवश्कता अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन - अध्ययन (IEE) गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९९. भौतिक संरचना जस्तै : भवन, बाटो, पुल, नहरहरु निर्माण गर्दा विपद् र वायो इन्जिनियरिङ्गलाई विशेष ध्यान दिई कार्य संचालन गरिनेछ ।

१००. पूर्वाधार निर्माणको क्षेत्रमा जनपरिचालन र जनसहभागितामा आधारित कार्यक्रमलाई संचालन गर्न, भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्न उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभावकारी बनाइनेछ ।

१०१. नगरपालिका क्षेत्रमा ६ मीटर भन्दा कम चौडाईका सडकमा लगानी नगर्ने नीति कार्यान्वयन गर्नुका साथै नगर यातायात गुरुयोजना प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तथा अन्य मुख्य सडकको स्तरोन्नती गरिनेछ ।

१०२. विकास निर्माणका आयोजना संचालन गर्दा आउने अवरोध, बाधा र द्वन्द निराकरण गर्न विबाद सहजिकरण समिति गठन गरि समन्वय गरिनेछ ।

१०३. बुढी कुलो, खोदाउ नाला, मैला नाला लागायत विभिन्न कुला नहर र झरनहरुमा थुप्रीन गएका बालुवाजन्य पदार्थहरु नगरपालिकाले उपयुक्त नीति बनाई सफाई गर्दै रोकथाम गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१०४. नेपाल सरकारले लागु गरेको भवन निर्माण आचारसंहितालाई पुर्णतया पालना गरिनेछ । साथै सोही बमोजिम नयाँ बन्ने भवनहरुको नक्सा पास प्रक्रियालाई अनिवार्य गरिनेछ ।

१०५. सार्वजनिक पूर्वाधार निर्माण गर्दा अपाङ्गमैत्री तथा वालमैत्री गराईनेछ ।

१०६. नगरको व्यवस्थित शहरीकरणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न निर्माण व्यवसायी तथा डकर्मिहरुलाई चरणबद्ध रुपमा तालिम दिइनेछ ।

१०७. भवन तथा अन्य पूर्वाधार निर्माण गर्दा अनिवार्य रुपमा तालिम प्राप्त डकर्मीहरुबाट गराउने व्यवस्था मिलाईनेछ ।

१०८. पुरानो बस पार्क क्षेत्रमा नगर विकास कोष सँग सहयोग र समन्वयमा आय मुलक व्यवसाय भवन, पार्क निर्माण गरिनेछ ।

१०९. पालिकाको श्रोतले आयोजनाहरु निर्माण हुन नसक्ने वा ठुला योजनाहरु प्रदेश सरकार र संघिय सरकार सँग निर्माण गर्न अनुरोध गरिनेछ ।

११०. ठूला पुलहरु निर्माणका लागि डोलिदार पुल महाशाखा भौतिक पूर्वधार मन्त्रालय सँग समन्वय गरि आवश्यक प्रकृया अगाडि बढाईनेछ ।

१११. राजापुर नगरपालिकामा सघन शहरी विकास पूर्वाधार कार्यक्रम संचालनका लागि सम्बन्धीत निकाय र संघिय सरकारसँग अनुरोध गरिनेछ ।

दिपेश थारु
नगर प्रमुख

११२. उचित स्थानको जग्गा व्यवस्थित गर्दै बसपार्क निर्माण र हाट बजार व्यवस्थापन गर्न आवश्यक प्रक्रिया अगाडि बढाइ अतिक्रमणमा रहेका सार्वजनिक जग्गालाई संरक्षण समेत गरिनेछ ।

११३. सामाजिक आर्थिक विकासमा टेवा पुग्ने खालका धेरै नागरिकहरुलाई सेवा दिने भौतिक पुर्वाधारहरुलाई जोड दिईनेछ ।

११४. पुँजीगत लगानीलाई आयमूलक आयोजनाहरुमा लक्षित गरिनेछ र दिगो आय दिने खालका आयमूलक आयोजनाहरुलाई बहुवर्षिय आयोजनाको रुपमा संचालन गरिने नीति अवलम्बन गरिनेछ ।

११५. स्थानिय स्तरको विकासमा बडघर प्रणालीलाई स्थापीत गरि सहभागिता गराईनेछ ।

११६. राजापुर क्षेत्रमा रहेको सुरक्षा निकायहरुको भौतिक निर्माणका लागि संघ प्रदेश सरकार सँग अनुरोध गरिनेछ ।

११७. राजापुर नगरपालिकाभित्र संचालित आयोजनाहरुलाई निरन्तरता दिन साझेदार संस्थाहरुसँग समन्वय गरी नियमितरुपमा र प्रभावकारी संचालनमा जोड दिईनेछ ।

११८. Wash Plan अनुसार ओभर हेड खानेपानि टंकि निर्माण गरि सहज रुपमा सुद्ध पिउने पानिको व्यवस्थाका लागि संघ, प्रदेश सरकारको लगानी सुनिशिचित गरि कार्यक्रम सञ्चालन गरिनेछ ।

११९. प्रत्येक घर टोल बस्तिमा पुर्ण सरसफाईका सुचकहरु लागु गरिनेछ ।

१२०. बजार क्षेत्रमा व्यवस्थित गर्न ढल निकासको लागि गुरु योजना बनाई निर्माण कार्य अगाडी बढाईनेछ ।

१२१. फोहर लाई मोहरमा रुपान्तरण गर्न सड्ने र नसड्ने फोहर अलग अलग सङ्कलन गरि निजि क्षेत्रको सहकार्यमा आय आर्जन हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

१२२. फोहर व्यवस्थापनको लागि व्यवस्थित ल्यान्ड फिल्ड साइडको निर्माण प्रकृया अगाडी बढाईनेछ ।

दिनेश थारु
नगर प्रमुख

१२३. राजापुर खानेपानि आयोजनालाई संघ र प्रदेश सरकारको सहयोमा सञ्चालन गरी वडा न ३ र ४ मा शुद्ध खानेपानिको सेवा पुन विस्तार गरिनेछ ।

१२४. दाताहरुको सहयोगमा सरसफाई कार्यक्रमलाई निरनतरता दिईनेछ ।

१२५. नगरपालिका भित्र फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक व्यवस्था मिलाउन आवश्यक स्रोत र साधनको व्यवस्था गरिनेछ ।

१२६. फोहोरमैलामा हुने खर्चलाई छुट्टै वजेट शीर्षकमा राख्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१२७. विभिन्न कारणले मरेका जिवजन्तुको सिनो व्यवस्थापन गर्ने कार्य निरन्तरता दिईनेछ ।

१२८. दिशाजन्य लेदो पदार्थ व्यवस्थापनका लागि सकसङ ट्याङ्कको परिचालन गरिनेछ ।

१२९. सबै स्वास्थ्य संस्थामा हुने फोहोरलाई व्यवस्थापन गर्न विशेष व्यवस्था मिलाईनेछ ।

१३०. प्रत्येक घरमा फोहोरमैलाको वर्गिकरण गरी कम्पोष्ट मल बनाउने तालिम संचालन गरिनेछ ।

१३१. नगर क्षेत्र भित्र क्रमशः प्लास्टिकमुक्त क्षेत्र बनाउन कार्यक्रम तर्जुमा गरिनेछ ।

१३२. सार्वजनिक स्थलहरुमा हात धुने व्यवस्था सहितको लैङ्गिक तथा अपाङ्गमैत्री सार्वजनिक सौचालयहरुको निर्माण तथा व्यवस्थापन गर्ने काम अगाडी बढाइनेछ ।

१३३. अत्यन्तै भिडभाड हुने स्थानहरुमा साझेदार संस्थाहरुको सहयोगमा यात्रु तथा बटुवाहरुका लागि सार्वजैनिक ठाउँमा पिउने पानीको व्यवस्था मिलाईनेछ ।

दिपेश थारु
नगर प्रमुख

१३४. कर्णालि नदि ब्यवस्थापन आयोजनाको गुरु योजना अनुरुपको संघिय सरकार बाट बजेट माग गरि नदि व्यवस्थापन लाई पुर्णता दिइ पहल गरिनेछ ।

१३५. बुढि कुलो, महिला नाला लगायतका कुलो बाट हुने बिनाश रोक्न जाली तथा जैविक तटबन्धनको कार्य अगि बढाइनेछ ।

१३६. वडा न ७ , ९ र १० को वोडर क्षेत्रमा जङ्गलि जनावरको अतिक्रमण रोकन हाईमाट लाईट र तारबारको व्यवस्था गरिनेछ ।

१३७. विपद न्युनिकरणका लागि स्थानिय विपद व्यवस्थापन केन्द्र लाई सबल सक्षम तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गरि विपद् पुर्वतयारी तथा जोखिम न्युनिकरणका गितविधीलाई प्राथमिकतामा राख्दै कार्यक्रम सञ्चालन गरिने नीति लिईनेछ ।

१३८. आपतकालिन अवस्थाका लागि आवश्यक समाग्री भण्डारणको व्यवस्था मिलाई स्थानिय विपद व्यवस्थापन कोष बाट प्रत्येक विपदमा परेकालाई तत्काल राहातको व्यवस्था गरिनेछ ।

१३९. विपद् जोखिम न्यूनिकरण स्थानिय रणनीतिमा समाबेस भएका योजनालाई क्रमै सँग लागु गर्दै जाने नीति लिएकोछ ।

१४०. स्थानीय तह, निजी क्षेत्र, गैर सरकारी संघसंस्था तथा समुदायको समन्वयमा एकीकृतरुपमा खोज, उद्धार र राहतको व्यवस्था मिलाईनेछ र त्यका लागि गोताखोर लगाएतका जनशक्ति तयार गर्न आवश्यक समन्वय गरिनेछ ।

१४१. कर्णाली र गेरुवा नदी तथा बुढीकुलो मैला नालामा आउने बाढी नियन्त्रणको लागी केन्द्र सरकारसँग आवश्यक पहल गरिनेछ । साथै स-साना खोला नियन्त्रण र व्यवस्थापनको लागि समुदायको सहभागितामा जैविक तटबन्धको निर्माण गरिनेछ ।

१४२. कर्णालीको पुर्वी भङ्गालो गेरुवा नदिलाई पूर्वी मुहानमा नियमीत रुपमा सञ्चालन गर्न गेरुवा गाँउपालिका, बर्दिया राष्ट्रिय निकुन्ज र

दिपेश थारु
नगर प्रमुख

सरोकारवाला बिचको छलफलबाट योजना बनाई संघ सरकार सँग पेश गरिनेछ ।

१४३. नगरपालिका क्षेत्रभित्र विपद् व्यवस्थापनलाई मध्यनजर गर्दै संघ, प्रदेश सरकार र कर्णाली नदी व्यवस्थापन आयोजना सँग आवश्यक समन्वय गरिनेछ ।

१४४. राजापुर नगरपालिकाको स्थानिय विपद् तथा जलवायु उत्थानशील योजना लागु गर्दै जलबायु परिवर्तनका असरलाई न्यूनिकरण गर्ने गरी कार्यक्रम संचालन गरिनेछ ।

१४५. राजापुर नगरपालिकाको विपद् पोर्टलबाट विपद्का सबै सूचनालाई थप पारदर्शीरुपमा प्रकाशित गरिनेछ ।

१४६. 'गाउँ सहर उज्यालो' कार्यक्रम सन्चालन गरिनेछ ।

१४७. राजापुर नगरपालिकाका विभिन्न स्थानमा सि. सि. क्यामेरा जडान कार्यलाई निरन्तरता दिईनेछ ।

१४८. भुमिको वर्गिकरण गरि भवन आचार सहितालाई पुर्ण पालना गर्दै बढ्दो खण्डीकरण, पलटीङ्गलाई निरुत्साहित गरिनेछ । जोखिम सम्बेदनशिल भु उपयोज योजना अनुसार विपद्बाट उच्च जोखिममा रहेका बस्तीहरुलाई स्थानान्तरण गर्ने नीति लिईनेछ ।

१४९. सामुदायिक वनहरुसित सहकार्य गरि विभिन्न जडिबुटि खेति ,बेतबास, अन्य खेतिको प्रर्वधनका लागि सहकार्य गरिनेछ ।

१५०. एक वडा एक नर्सरी स्थापना गरि छिटो र चाडो प्रतिफल दिने , बिभिन्न जातका फलफुलका बेर्नाहरुको नर्सरी गरि निः शुल्क र सशुल्क वितरण गरिनेछ ।

१५१. वातावरण संरणका लागि हरेक साल एक घरले प्रत्येक वर्ष पाँच वटा बिरुवा अनिवार्य रुपमा हुर्काउने अभियान थालनि गर्दै निःशुल्क विरुवा वितरण गरिने छ साथै १० मिटर भन्दा माथिका बाटो किनारमा अनिवार्य वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।



दिपेश थारु
नगर प्रमुख

१५२. सामुदायिक वन सँग मिलि वन बाट उत्पादित कच्चा पदार्थ बाट निर्मित सामाग्रिहरुको बजारिकरणका लागि आवश्यक सिप तथा ज्ञान प्रदान गरिनेछ ।

१५३. वनको सुरक्षा, वृक्षारोपण, जैविक विविधता संरक्षण र विकासलाई उच्च महत्व दिई वनको बहुउपयोग गर्ने गरी वन क्षेत्रका कार्यक्रम संचालन गर्न संघ तथा प्रदेशसँग समन्वय गरिनेछ ।

१५४. सामुदायिक वन संरक्षण र वन्यजन्तुको संरक्षणमा विषेश पहल गरिनेछ ।

१५५. जलवायु परिवर्तनका असरहरुलाई न्यूनिकरण गर्नका लागि साझेदार संस्थाहरुसँग सहकार्य गरिनेछ ।

१५६. प्राकृतिक संरक्षण, जलचर तथा जलिय जैविक विविधताको संरक्षण र सम्बर्धन गर्ने नीति लिइनेछ ।

१५७. बैकल्पिक उर्जा प्रबर्द्धन जोड दिइनेछ ।

१५८. वित्तीय मितव्ययिता आर्थिक अनुशासनलाई आन्तरिक खर्च नियन्त्रण कार्यविधि बनाई पुर्ण रुपमा कार्यन्वयन गराईनेछ ।

१५९. आन्तरिक आयको बृद्धी तथा दिगो विकासका लागि कर प्रशासनलाई व्यवस्थित बनाइनेछ ।

१६०. व्यवसायिक कर संकलन PPP को अवधारणा अनुसार अगाडि बढाइनेछ ।

१६१. करको दायरा फराकिलो बनाउदै सम्पति कर लागु गर्न नगरपालिकाका सबै करदाताहरुलाई समेट्नका लागि नीति निर्माण गरि करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

१६२. नगरपालिका भित्र उच्चतम तथा नियमित कर तिर्ने करदाताहरुलाई सम्मान गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ ।

दिपेश थारु
नगर प्रमुख

१६३. नगरपालिका भित्र रहेका नदी नाला तालतलैया को व्यवस्थापन तथा अन्य प्राकृतिक श्रोतको पहिचान गरी आयमुलक आयोजनाको रुपमा लगानि बढाउदै लगिने नीति अवलम्बन गरिनेछ ।

१६४. राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन तथा नगरस्तरीय राजश्व परामर्श समितिको सिफारिसको आधारमा आयको प्रक्षेपण र कर शुल्कको दररेट निर्धारण गरी कर संकलनको प्रक्रियालाई प्रभाकारी बनाइनेछ ।

१६५. करको दायरा भित्र नपरेका र सार्वजनिक तथा सरकारी जग्गामा बसी व्यपार व्यावसाय गर्ने व्यावसायीहरु संग मापदण्ड तोकी बहाल बिटौरी कर लिने नीति लागु गरिनेछ ।

१६६. पार्किङ शूल्क र सवारी साधनहरुबाट सवारी साधन कर लिने नीति निरन्तरता दिईनेछ ।

१६७. राजश्वको दायरा लचिलो र फाराकिलो पार्दै करमैत्री वातावरण निर्माण गरिनेछ । व्यवसायको प्रकार, प्रकृति र श्रेणी अनुसारको कर असुली गर्न, नगरभित्रका सम्पूर्ण व्यवसायहरुलाई करको दायरामा ल्याई करदाताहरुलाई कर तिर्न प्रोत्साहन गरिनेछ ।

१६८. प्रचलित ऐन नियममा व्यवस्था भए बमोजिम राजश्व बाँडफाँडको लागि सम्बन्धित निकाय संग समन्वय गरी अघि बढ्ने नीति लिइनेछ ।

१६९. सबै व्यापारिलाई नगरपालिका र कर कार्यालयमा दर्ता हुनका लागि उद्योग बानिज्य संघ सँग सहकार्य गरि व्यवसाय दर्ता शिविर राखिनेछ ।

१७०. उठेको करको केहि अंश करदाता हितको लागि खर्च गरिने नीति लिईनेछ ।

१७१. बोडर क्षेत्रको जग्गाको अहिले भईरहेको मालमोत रजिस्टेशन मुल्याङ्कन अत्याधिक भएकोले पुनरावलोकन गरिनेछ ।

१७२. स्थानिय उद्योग बाणिज्य संघ र व्यवसायिहरु सग सहकार्य गरि पालिकामा उद्योग धन्दाका लागि औधोगिक ग्रामको स्थापना गरि



दिनेश थारु
नगर प्रमुख

१७२. लगानि वातावरणका लागि लगानि सम्मेलनको आयोजना गरिने छ । उद्योग स्थापनाका लागि आवश्यक अनुकुल वातावरण तयार गरिनेछ ।

१७३. परम्परागत शिप कलाको संरक्षण र प्रोत्साहन गरि घरेलु, साना उद्‌योग, स्थानिय उत्पादनको प्रशोधन , बजारिकरण गर्न चाहाने व्यक्ति समुह सहकारिलाई कोषेली घर अनुदान कार्यक्रममा सहयोग गरिनेछ ।

१७४. विभिन्न कुटिर उद्योग गर्न चाहानेलाई आवश्यक सिप प्रदान गरिने छ । यस्ता उत्पादनको बजारिकरणका लागि स्थानिय तहमा कोसिलि घर संचालन गर्न चाहेमा आवश्यक भौतिक सहयोग उपलब्ध गराईने छ र साना तथा घरेलु उद्योगहरुलाई विकास एवम् विस्तार, परम्परागत कुटीर उद्योगहरुको संरक्षण र सम्बर्द्धन गर्ने नीति लिइनेछ ।

१७५. नगर क्षेत्रभित्र संचालनमा रहेका उद्योग, कलकारखानाहरुलाई बढावा दिदै थप उद्योग कलकारखाना संचालनमा ल्याउन उद्योगगी र लगानीकर्ताहरुलाई प्रोत्साहन गरिनेछ । सञ्चालनमा रहेका उद्योग, फर्म तथा पसलहरूको दर्ता नवीकरण, नियमित अनुगमन तथा सुपरीवेक्षण गरिनेछ ।

१७६. स्थानीय स्रोत साधन र सम्भावना तथा तुलनात्मक लाभको आधारमा उद्यौगीक ग्राम निर्माण गरि गरिबी निवारणमा टेवा पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ । व्यवसायिक किसान र महिला उधमीलाई सहुलियत सहितको वित्तीय पहुँचमा सुनिश्चित गरि रोजगारी सिर्जनामा प्रोत्साहन गरिनेछ ।

१७७. मझौला तथा ठूला उद्योगहरुको स्थापना गर्न नेपाल सरकारको उद्योगिक नीति तथा बार्षिक बजेट बक्तव्य अनुसार विषेश आर्थिक क्षेत्र स्थापनाको लागि कार्य अगाडि बढाईनेछ । साना तथा मझौला उद्योग ग्राम स्थापनाका लागि सम्भाव्यता अध्ययन गरि लगानीलाई प्रोत्साहन गरिनेछ ।

१७८. राजापुर नगरपालिका क्षेत्रमा कम्तिमा २०० जनालाई प्रत्यक्ष रोजगारी दिने खालका उद्योग स्थापन गर्न चाहेका आवश्यक सहयोग सहजिकरण गर्ने र ५ वर्ष सम्म कुनै कर नलिने निति अवलम्बन गरिनेछ ।

नगर प्रमुख

१७९. उद्योग तथा वाणिज्य क्षेत्रको विकास र विस्तारका लागि सार्वजनिक नीजि साझेदारी (पि.पि.पि.) को अवधारणालाई आत्मसाथ गरिनेछ । लगानीकर्तालाई पुरुस्कृत तथा सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

१८०. नियमित बजार अनुगमन र बजार नियमन कार्यलाई निरन्तरता र प्रभावकारी बनाईनेछ । उपभोक्ता शिक्षा, जागरण र संचेतिकरणका कार्यक्रमहरु सञ्चालन गरी उपभोक्ता हितको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

१८१. कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै व्यापारिक नैतिकता र अनुशासन कायम गरि उपभोक्ता हित संरक्षण गर्ने नीति लिइनेछ ।

१८२. दातृ निकायहरुलाई राजापुर नगरपालिकाको विकास निर्माणमा सहभागिताको लागि अनुरोध गर्दै स्वस्थ लगानीमैत्री वातावरण सृजना गरिनेछ ।

१८३. स्थानिय स्तरमा हुने सबै नीति निर्माण कार्यमा महिलाको सारभूत सहभागिता सुनिश्चित तथा लैंगिक समानता कायम गरी असल अभ्यासको अनुकरण गरिनेछ ।

१८४. महिलाको श्रम र समयको बचत गर्ने प्रबिधिको प्रयोगमा जोड दिई सबै क्षेत्रमा समान रुपमा अबसर, पहुँच, प्रतिफल र लाभ सुनिश्चित गरिनेछ ।

१८५. बालश्रम र बाल विवाहमुक्त नगरपालिका बनाउन सडक नाटक, सचेतना कार्यक्रम, अभिभावक सँग अन्तरक्रर्या गरिनेछ ।

१८६. समाजमा पिछडिएका विपन्न युवा तथा महिलाहरुको आय-आर्जनमा सुधार ल्याउन मागका अधारमा विभिन्न सीपमूलक तथा आयमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१८७. नगरापलिकाको बजेटलाई लैङ्गिक उत्तरदायी बजेट बनाइनेछ । जेण्डर अडिटको व्यवस्था गरिनेछ ।

दिपेश थारु
नगर प्रमुख

१८८. नगरपालिका क्षेत्रमा हुने घरेलु हिंसा तथा लैङ्गिक हिंसालाई निरुत्साहित गर्न विशेष कार्यक्रम संचालन गरिनेछ । लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१८९. अन्तराष्ट्रिय नारी दिवस तथा तिज जस्ता महिला विशेष कार्यक्रमहरुलाई सचेतना अभिबृद्धीमुलक कार्यक्रमका रुपमा मनाइनेछ ।

१९०. निजामती सेवामा महिलाहरुको पहँुच बढाउन लोकसेवा तयारी कक्षाहरु सञ्चालनमा ल्याइनेछ ।

१९१. आमा बचाउ छोरी हुर्काउ कार्यक्रम अन्तर्गत लैंगिक विभेद अन्त्य गर्न छोरी जन्माउने आमालाई प्रोत्साहन स्वरुप पोषणभत्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१९२. द्वन्द पिडित, शहिद तथा बेपत्ता परिवार, घाईते, अपाङ्गहरुको लागि सिपमुलक, आयमुलक तथा रोजगारमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१९३. व्याप्त घरेलु हिंसा , वाल विवाह , मानव बेचबिखन ,दाइजो प्रथा , बहुबिवाह लैंगीक हिंसा जस्ता प्रथाको न्यूनिकरणको लागि वहस पैरवी तथा चेतनामुलक कार्यक्रमहरु तर्जुमा गर्नुका साथै महिला हिंसा पिडितको राहात, उद्धार, निशुल्क कानुनी सहायता, मनोसामाजिक परामर्शका लागि सहयोग र पिडितलाई सिपमुलक कार्यक्रमको लागि कोष स्थापना गरिनेछ ।

१९४. प्रधानमन्त्री रोजगारी कार्यक्रममा अधिकांश महिलाहरुलाई सहभागी गराईने नीति लिइनेछ ।

१९५. मानसिक सन्तुलन बिग्रेका बालबालिका तथा महिलाहरुलाई संरक्षण गृहसम्म पुर्याउन र उक्त अवधिमा निजहरुलाई खाना खर्चको समेत आवश्यक प्रबन्ध मिलाइनेछ ।

१९६. जेष्ठ नागरिकहरुलाई प्रोत्साहन गर्न अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवस जस्ता कार्यक्रमहरुलाई उहाँहरुको अधिकार प्राप्तितर्फ केन्द्रित गरी मनाउने व्यवस्था गरिनेछ ।

दिपेन्द्र थारु
नगर प्रमुख

१९७. जेष्ठ नागरिकलाई उहाँहरुका हक अधिकारबारे जानकारी गराई उहाँहरुलाई अत्मनिर्भर तथा सम्मानका साथ बाँच्न सक्ने वातावरण सिर्जना गर्न विभिन्न चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१९८. अपाङ्गता भएका व्यक्तिहरुलाई सेवामा विशेष प्राथमिकता दिई सिफारिस लगायतका सेवासुविधाहरु निशुल्क उपलब्ध गराईनेछ ।

१९९. फरक क्षमता भएका व्यक्तिहरुको आत्मसम्मान र उच्च मनोबल कायम राख्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२००. महिला सशक्तिकरणका लागि महिला उद्यमसिलता विकास कार्यक्रम संचालन गरिनेछ ।

२०१. सबै प्रकारका अपांगता भएका ब्यक्तिहरुको लागि स्वास्थ्य उपचार सहयोगी सामग्रीको व्यबस्थापन र आयआर्जनका कार्यक्रम तर्जुमा गर्नुका साथै सार्वजनिक भौतिक संरचना तथा यातायातका साधन अपांगमैत्री बनाईनेछ ।

२०२. सडक बालबालिका अनाथ असहाय ,अशक्त ,अपांगता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको लागि खानपान, स्वास्थ्य, तथा सुरक्षाको लागि उपयुक्त मापदण्ड बनाई त्यसको सेवालाई सहज र प्रभावकारी बनाईनेछ ।

२०३. बालमैत्री स्थानीय शासनको आवश्यक पूर्वाधार तथा वालअधिकार सूचकहरु पूरा गर्न आवश्यक स्रोत साधनको व्यबस्थापन, वालमैत्री वडा, बालमैत्री नगरपालिका घोषणा गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२०४. ज्येष्ठ नागरिकको सामाजिक तथा आर्थिक हक अधिकार संरक्षणको लागि जेष्ठ नागरिक संरक्षण नीति तर्जुमा गरी उहाँहरुलाई सम्मान, आदर र सहजताको लागि बिभिन्न सेवा र सुविधामा विशेष छुट र सहुलियतको व्यवस्था गरिनेछ ।

२०५. जेष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुर्याएको योगदानको आधारमा सम्मान र आदर गर्नुका साथै ज्येष्ठ नागरिकको ज्ञान, सीप र

दिनेश थारु
नगर प्रमुख

अनुभवलाई उपयोग गर्न अन्तरपूस्ता सीप हस्तान्तरण, छलफल र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

२०६. समाजमा रहेका वेसहारा असाय व्यक्तिहरुका लागि संरक्षण गर्न एक साझा आवाश निर्माण गरि खाने बस्ने व्यवस्था गरिनेछ ।

२०७. सडक बालबालिका वेसाहरा टुहुरा अति बिपन्न, द्वन्द प्रभावित बालबालिकाहरुलाई आवाशिय विद्यालयमा राखि कक्षा १२ सम्म नि शुल्क शिक्षा दिईनेछ ।

२०८. घरेलु हिंसा पिडित महिलाका लागि सेवा केन्द्र स्थापना गरि माग अनुसारको सिप प्रदान गरिने र आय आर्जनका लागि निश्चित रकम टोकन मनि प्रदान गरि पुर्न स्थापना गरिनेछ ।

२०९. समाजमा रहेका बालश्रम , जातिय विभेद , बालबिबाह जस्ता बिषयमा स्थानिय सरकार र बडघर हरु बाट सचेतना मुलक कार्यक्रम गरिनेछ ।

२१०. प्रत्येक वडामा जेष्ठ नागरिक सेवा केन्द्र स्थापना गरि दिवा भेटघाट स्वास्थ सेवा मनोरञ्न कार्यक्रमका लागि बजेट व्यवसथापन गरिनेछ ।

२११. एकल महिला , शहिद बेपत्ता परिवार लाई चाहेको सिप प्रदान गरि आत्मनिर्भर बन्न प्रेरित गरिनेछ ।

२१२. सबै खालका युद्ध पिडित , महिला , युवा , बालबालिका , जेष्ठ नागरिक दलित , अल्पसङख्कयहरुको वडा र पालिका स्तरको सञ्जाल निर्माण गरि लक्षित कार्यक्रमलाई मागको आधारमा सोहि वर्गको नेतृत्व मा सञ्चालन गरिनेछ ।

२१३. विपन्न व्यक्तिहरुलाई दिर्घ रोग लागेमा औषधि सेवनका लागि मासिक रुपमा निश्चित रकम उपलब्ध गराईनेछ ।

२१४. विपन्न परिवार हरुको संरक्षणका लागि नगरपालिका , प्रदेश र संघ सरकारको सहयोगमा घर निर्माण गरिनेछ ।

दिपेश थारु
नगर प्रमुख

२१५. सामाजिक सुरक्षा कार्यक्रम बाट सेवा नपाएका बेपत्ता परिवारका पत्नीहरुलाई सम्बोधन हुने गरि सामाजिक सुरक्षा भत्ताको व्यवस्था मिलाईनेछ ।

२१६. प्रत्येक युवाहरुको चाहाना अनुरुप आवधिक बार्षिक सिप मुलक तालिमको व्यवस्था गरि त्यस्ता युवाहरुले व्यवसाय गर्न चाहेमा पुँजी कोष स्थापना गरी सहुलेत ऋणको व्यवस्था गरिनेछ ।

२१७. एक तालिम केन्द्र स्थापना गरि बाह्रै महिना बिभिन्न सिप मूलक तालिम प्रदान गरिनेछ ।

२१८. अहिले सम्म बिभिन्न सिप तालिम लिएका व्यक्तिहरुको सुचि तयार गरि सिप मुलक व्यवसाय गर्न थप सिप, पुजिको लागि सहजिकरण गरिनेछ ।

२१९. व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडलमा गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिईदै लगिनेछ ।

२२०. विपन्न आदिवासी जनजाति, महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य अल्पसंख्यक वर्ग र समुदायको आयआर्जन र गरीवी निवारणका लागि आवश्यक कार्य गरिनेछ ।

२२१. विदेशवाट फर्किएका सिपयुक्त जनशक्तिहरुको रोजगारी प्रवर्धन विशेष प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ ।

२२२. समाजमा पिछडिएका विपन्न महिलाहरुको आय-आर्जनमा सुधार ल्याइ उहाँहरुको जीवनस्तर सुधार गर्न विभिन्न सीपमूलक तथा आयमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

२२३. नगर क्षेत्रभित्रका बेरोजगारहरुको पहिचान गरि प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारी सिर्जना गर्न थप क्षेत्रहरुको पहिचान गरि रोजगार कार्यक्रमलाई अगाडी बढाइनेछ ।

दिपेश थारु
नगर प्रमुख

२२४. नगर भित्रका बेरोजगार युवा युवतीहरुलाई स्वरोजगार बनाउन स्थानिय श्रोत साधनको उपयोग हुने गरि परम्परागत पेशा र सिपलाई संरक्षण र प्रवर्धन गर्न आवश्यक तालिम र वजेटको व्यवस्था मिलाईनेछ ।

२२५. गैर सरकारी क्षेत्रलाई आर्थिक सामाजिक विकासको साझेदारीका रुपमा लिइनेछ र उनीहरुको क्षमता र अनुभवका आधारमा विकास प्रक्रियामा सहभागी र परिचालन गरि रोजगारीको अवसर सिर्जना गरिनेछ ।

२२६. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना स्थापना र संचालन सम्बन्धमा श्रमिकहरुलाई अभिमूखीकरण तथा अन्तरक्रियात्मक गोष्ठि संचालन गरिनेछ ।

२२७. गरिबी निवारण गर्न गरिबीको तथ्याङ्क लिने, परिचयपत्र वितरण गर्ने तथा रोजगार सिर्जना गर्ने जस्ता कार्यक्रमहरु यसै वर्ष देखि प्रारम्भ गर्न आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

२२८. पालिका भित्र रहेका सबै भुमिहिन सुकुम्बासिलाई सरकारले तोके अनुसार आवासका लागि जग्गाको व्यवस्थापन गरिनेछ ।

२२९. भूमि सम्बन्धी समस्याका सम्बन्धमा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी, अव्यवस्थीत बसोबासी, बहाल विटौरी, पुराना आयोगका अधुरा कार्यहरुका सन्दर्भमा जग्गा धनी प्रमाण पुर्जा वितरण गर्न नगरपालिकाले भूमि सम्बन्धी समस्या समाधान आयोग सँग आवश्यक समन्वय गरि भूमि सम्बन्धी सम्पूर्ण समस्या समाधानका लागि आवश्यक कार्य अगाडि बढाईनेछ । सो सन्दर्भमा आवश्यक परेको खण्डमा ऐन तथा कार्यविधि बनाई व्यवस्थीत गरिनेछ ।

२३०. यस नगरपालिका क्षेत्रभित्र रहेका ऐलानी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

२३१. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका सन्दर्भमा आवश्यक कार्यक्रम संचालन गरिनेछ । त्यसका लागि आवश्यक बजेटको समेत व्यवस्थापन गरिनेछ ।

दिपेश थारु
नगर प्रमुख

२३२. राजापुर नगरपालिका वडा नं. ४ को वजार क्षेत्रमा रहेका जग्गा धनीहरुले लामो समय देखि जग्गा धनी प्रमाण पुर्जा पाउन नसकेको हुदाँ हाल गठित भूमि सम्बन्धी समस्या समाधान आयोग बाट जग्गा धनी प्रमाण पुर्जा उपलब्ध गराउन पहल गरिनेछ ।

२३३. स्थानिय आर्थिक कृर्याकलाप सञ्चालनका लागि सार्वजनिक, निजी र सहकारी तीनखम्बे अर्थनीति अवलम्बन गरिनेछ ।

२३४. सहकारी संघ संस्थाको क्षमता अभिबृद्धी लागि सहकारी शिक्षा, नेतृत्व विकास र व्यवस्थापन तालिम सञ्चालन गरिनेछ ।

२३५. 'एक वडा एक विषयगत सहकारी संस्था' कार्याक्रम सञ्चालनका लागि प्रकृया अगाडी बढाईनेछ ।

२३६. नगर स्तरीय सहकारी बोर्डको गठन गर्न नीतिगत व्यवस्था गरिनेछ । साथै सहकारी संस्थाहरुको अनुगमन र मुल्याङ्कनलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

२३७. उत्पादनमा आधारित सहकारी संस्थाहरुको प्रवर्धन गरिनेछ । साथै सार्वजनिक, निजी र सहकारी साझेदारी सम्भावनाका क्षेत्रहरु पहिचान गरिनेछ ।

२३८. सबै सहकारी संस्थाहरुको एकीकरण कार्यमा जोड दिइनेछ साथै आवश्यक ऐन नियमहरुको तर्जुमा गरिनेछ ।

२३९. सहकारी सम्बन्धी एकीकृत आधारभूत तथ्याङ्क तयार गर्न तथा नियमनलाई प्रभावकारी बनाउन प्रविधिको प्रयोगमा जोड दिईनेछ ।

२४०. सहकारी संस्थाको संस्थागत सुदृढिकरण र प्रतिनिधि तथा कर्मचारीहरुका क्षमता विकास सम्बन्धी प्रशिक्षणका कार्यक्रमहरु संचालन गरिनेछ ।

२४१. राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरुबाट हुने सहयोग तथा कार्यक्रमलाई एकद्धार प्रणालीबाट संचालन गर्न सहजिकरण गरिनेछ ।

दिपेश थारु
नगर प्रमुख

२४२. गरिब, विपन्न, शैक्षिक बेरोजगार र रोजगार गुमाएका युवाहरुलाई सहकारी संस्था मार्फत कर्जा प्राप्त गरी साना तथा घरेलु उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

२४३. कृषक तथा उद्यमीहरुले उत्पादन गरेको समाग्रीलाई सहकारीहरु मार्फत बजारीकरण गर्नका लागि आवश्यक सहयोग उपलब्ध गराईनेछ ।

२४४. गरिबी न्यूनिकरणका लागि कृषि, पशु, व्यवसायका क्षेत्रमा उत्पादन तथा रोजगार मुलक कार्यक्रमहरु संचालन गर्न चाहने सहकारीहरु सित लागत साझोदारी कार्यक्रहरु संचलान गरिनेछ ।

२४५. बिभिन्न गैर सरकारि सस्थाहरुलाई नगरपालिकाको नीति तथा कार्यक्रमको लक्ष्य प्राप्त हुने गरि कार्यक्रम सञ्चालन गर्न लगाईनेछ ।

२४६. स्थानिय भेषभुषा कला , सस्कृति संरक्षण गरी पर्यटनको विकासमा जोड दिइनेछ ।

२४७. थारु परम्पराका अतवारी पर्व, माघी पर्वको महत्व झल्कने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

२४८. होमस्टे सञ्चालनकालागि आवश्यक ज्ञान सिप प्रदान गरिनेछ ।

२४९. थारु संग्रालय , थारु ग्राम , अर्नवा ताल , कोठियाघाट पिकनिक स्पोटको निर्माण समपन्न गरि आन्तरिक र बाह्य पर्यटनलाई प्रबधन गरिनेछ ।

२५०. कर्णालि नदिमा व्यवस्थित तटबन्धन गरि बिभिन्न स्थानमा नदि दृश्यावलोकन स्थानहरुको विकाश गरिनेछ ।

२५१. यस राजापुर नगरपालिका भित्र सदियौ देखी चलिआएको वरघर प्रथालाई कानूनी मान्यता प्रर्दान गरि विकासमा साझेदार अङ्ग बनाईनेछ ।

२५२. वरघर प्रथाको ऐतिहासीक र अन्तरवस्तु झल्किने गरी पाश्र्वचित्र तयार गरिनुका सथै यस प्रथालाई व्यवस्थित गर्न स्विकृत बरघर ऐन अनुसार आवश्यक कार्यविधि निमार्ण गरिनेछ ।

दिपरी थारु
नगर प्रमुख

२५३. वरघरहरु मध्ये विकास निर्माण र सामाजिक परिचालनको काममा उत्कृष्ट भूमिका निर्वाह गरेका नगर भित्रका बढीमा तिनजना वरघरलाई सम्मान सहित पुरुस्कारको व्यवस्था गरिनेछ ।

२५४. विकास सँग वरघर' भन्ने नाराका साथ यस वर्षदेखी बस्ती स्तरका योजनाहरु वरघरहरुबाट संचालन गरिनेछ ।

२५५. ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक महत्वका सम्पदाहरुको पहिचान, संरक्षण र प्रर्वधन गर्ने नीति लिइनेछ ।

२५६. नगरपालिका भित्र रहेका विभिन्न जातजाति तथा धर्मसंस्कृति भएका समुदायहरुको मौलिक, संस्कृतिक पहिचान, भेषभूषा, भाषा, मठमन्दिर, पाटी पौवा, चर्च, गुम्वा लगाएका धार्मिक स्थल र सभ्यताको संरक्षण, सम्बर्धन र प्रचारप्रसार नीति लिईनेछ ।

२५७. नगरपालिकामा निर्माणधिन धर्मशालालाई समेत आवश्यक सहयोगको व्यस्था मिलाईनेछ ।

२५८. धार्मिक, ऐतिहासिक, साँस्कृतिक महत्वका धरोहरहरुको मर्मत, संरक्षण र विकासमा जोड दिने नीतिलाई निरन्तरता दिइनेछ ।

२५९. महत्वपुर्ण पर्यटकिय स्थलहरुको पहिचानका लागि विभिन्न स्थानमा सूचना पाटीहरु राखिनेछ । नगरपालिकाले पर्यटन वृतचित्र तयार गरी विभिन्न सन्चार माध्यमबाट प्रचारप्रसार गर्ने व्यवस्था मिलाईनेछ र पर्यटकीय क्षेत्रको प्रचारप्रसार र विस्तारका लागि पर्यटकीय सम्पदा, पर्यटन स्थलहरु र पर्यटन मार्गमा पर्यटनमैत्री पुर्वाधार विकास गरि पर्यटन प्रवर्धनको लागि विशेष जोड दिइनेछ ।

२६०. स्थानिय भाषा संस्कृतीको जगेर्ना गर्ने गरि समुदायमा आधारित होमस्टे, पर्यटनको विस्तार तथा संरक्षण, धार्मिक, ऐतिहासिक तथा पुरातात्विक स्थलहरुको खोज पहिचान, परम्परागत चाडपर्व, जात्रा, मेला, कला संस्कृतिको संरक्षण तथा प्रचारप्रसारको लागि पोष्टर, पम्पलेट छपाइनुका साथै डकुमेन्ट्री बनाइनेछ ।

२६१. पालिकाको डिजिटल प्रोफाईल तयार गरि सेवा प्रवाहलाई विद्युतीय सेवा सँग आवद्ध गरिनेछ ।

२६२. पालिका र वार्ड बाट दिइने सेवालाई सहज, सरल र प्रविधिमैत्री बनाउन विद्युतीय सेवा प्रवाहमा जोड दिइने छ, जस अन्तर्गत सफ्टवेयरको प्रयोग, सी.सी. क्यामरा जडान, ई-हाजिरी, मोवाइल एपको प्रयोग, Group एस.एम.एस. जस्ता विधि अवलम्बन गरिनेछ ।

२६३. हरेक महिना भए गरेका काम आर्थिक विवरण पालिका र वार्ड बाट अनिवार्य सार्वजनिक गरिनेछ ।

२६४. सार्वजनिक जवाफदेहिता, पारदर्शिता र जनउत्तरदायित्व प्रवर्धन गर्नका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, हेल्प डेस्क, नागरिक भेला, सामाजिक परीक्षण जस्ता सुशासन संयन्त्रको प्रयोग गरिनेछ ।

२६५. पालिकाको सेवा प्रवाहलाई सुविधा मुखि भन्दा जनमुखि बनाईनेछ ।

२६६. नगर, वार्डले गरेका हरेक निर्णयलाई ७ दिन भित्र सार्वजनिक गर्ने परिपाटिको विकाश गरिनेछ ।

२६७. सार्वजनिक खरिद योजना बनाई सार्वजनिक खरिद प्रकृयालाई पारदर्शि बनाईनेछ ।

२६८. कर्मचारिलाई आवश्यक तालिमको व्यवस्था गरि सेवा प्रवाहमा नविनतम अवधारणालाई आत्मसाथ गरिनेछ ।

२६९. स्थानिय संचार नीति निर्माण गरी स्थानिय संचार गृहलाई सहयोग गर्दै जनगुनासो व्यवस्थापन, सूचनाको हक कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

२७०. नगरको मासिक आम्दानी र खर्च सार्वजनिक गर्ने निति अबलम्बन गरिनेछ ।

२७१. नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन सुशासन व्यवस्थापन प्रणालीलाई-समितिलाई अझ बढि प्रभावकारी बनाइनेछ ।



दिपेन्द्र थारु
नगर प्रमुख

२७२. सेवा प्रवाह सम्बन्धि गुनासो व्यवस्थापन गर्दै जनधारणा (Public opinion) लिने परिपाटिलाई अझ बढी व्यवस्थित गरिनेछ र समय समयमा नगरिक सन्तुष्टीको सर्वेक्षण गरिनेछ ।

२७३. नगरवासीलाई आधारभूत सेवा सुविधा सहजतापूर्वक प्रदान गर्ने सेवा प्रवाहलाई प्रभावकारी बनाउन नतिजामा आधारित कार्य सम्पादन प्रणाली तथा संस्थागत क्षमता अभिबृद्धी गरिने छ । कर्मचारीहरुको क्षमता बृद्धी गर्न, मनोवल उच्च राख्न र कार्य सम्पादनलाई व्यवस्थित गर्नका लागि तालिम, प्रशिक्षण, कार्य सुरक्षा, प्रोत्साहन भत्ता तथा कार्यसम्पादनमा आधारित पुरस्कारको व्यवस्था गरिनेछ ।

२७४. वडा र नगरपालिकाबाट नागरिकहरुलाई प्रदान गरिने सेवा सुविधाहरुमा छिटो, छरितो, सहभागितामूलक, पारदर्शि, जवाफदेही, प्रभावकारी वनाउन सेवाग्राहीको पहुँचलाई सरल एवम् सहज बनाउन, सुचना प्रवाह, सुचना प्रविधिको प्रयोग, सेवाग्राहीमैत्री संरचना, कामप्रति प्रतिवद्ध कर्मचारी विकासमा जोड दिइनेछ । नगरपालिका तथा वडा कार्यालयहरुमा Digital Imformation System को व्यवस्था गरिनेछ ।

२७५. सेवा प्रवाह र प्रशासनिक कार्यलाई सहज वनाउन यस नगरकार्यपालिकाको भवनलाई अझै व्यवस्थित बनाईनेछ । वडा कार्यालय तथा स्वास्थ्य केन्द्रका भवनहरु व्यवस्थित गर्दै लगिनेछ ।

२७६. जनताको गुनासो व्यवस्थापनका लागि नगरकार्यपालिकामा नगर प्रमुखको संयोजकत्वमा र वडा कार्यालयमा वडा अध्यक्षको संयोजकत्वमा गुनासो व्यवस्थापन समिति गठन गरी गुनासोको सुनुवाईका लागि सहकार्य गरिनेछ । नगरवासीहरुको राय सुझाव संकलन गर्न, गुनासो व्यवस्थापन र जवाफदेहिता वहन गर्नका लागि हरेक वडा र नगर कार्यपालिकामा गुनासो पेटीकाको व्यवस्था गरिनुका साथै हरेक महिनाको एक दिनलाई जनतासँग स्थानिय सरकार कार्यक्रम संचालन गरिनेछ ।साथै जनताका हरेक गुनासो सुनुवाई गर्न जनताका सुख दुखमा साथ दिन जनताका जनप्रतिनिधि जनताकाकै घरदैलोमा कार्यक्रम संचालन गरिनेछ ।

दिनेश थारु
नगर प्रमुख

२७७. आगामि आ.व. मा यस नगरपालिकाको संगठन विकास योजना तयार गरी साविक संगठन विकास योजनाको पुन मूल्याङ्कन गरी सो वमोजिमका शाखा तथा जनशक्तिको व्यवस्थापन गरिनेछ ।

२७८. कार्यालयमा तत्काल आवश्यक पर्ने थप जनशक्तिको व्यवस्थापन सार्वजनिक खरिद ऐन तथा करार सेवा निर्देशिकाको आधारमा गरिनेछ ।

२७९. पटक-पटक सेवा खरिद गर्दा हुने कार्यबोझ र असहजतालाई विचारगरी पुराना सेवा करारमा लिई निरन्तरता पाएकाहरुलाई उनिहरुको योग्यता र आचारणको आधारमा कार्यालयको आवश्यकता र साधन स्रोत तथा क्षमतालाई हेरी निरन्तरता दिने नीति लिइनेछ ।

२८०. प्रदेश प्रशिक्षण प्रतिष्ठानसँग समन्वय गरि उपलब्ध जनशक्तिको क्षमता विकास गर्दै उत्कृष्ट कर्मचारीहरुलाई कार्यसम्पादनका आधारमा पुरुस्कृत गर्ने परिपाटिको व्यवस्था गरिनेछ ।

२८१. न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्याङ्कनलाई समेत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइनेछ ।

२८२. ऐन, नियमको परिधिभित्र रहि कार्य सम्पादन मूल्यांकनको आधारमा कार्यरत कर्मचारीको बढुवा, स्तरवृद्धी, प्रोत्साहन प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२८३. मौजदा जनशक्तिलाई समयानुकुल सक्षम बनाउन आन्तरिक एवं बाह्य सहयोगका आधारमा तालिम दिने नितिलाई प्राथमिकता दिइनेछ ।

२८४. जनप्रतिनिधीहरुलाई समयानुकूल प्रविधिमैत्री बनाउन र क्षमता विकास गर्नका लागि कार्यक्रम संचालन गरिनेछ ।

२८५. राजापुर नगरपालिकाबाट गरिने विविध कार्यक्रमहरुको खर्चलाई मितव्ययी तथा एकरुपता कायम गर्न खर्च मापदण्ड बनाई लागु गरिनेछ । ५ बर्षे खरिद गुरुयोजना तयार गरिनेछ र सोही आधारमा बार्षिक खरिद योजना बनाई लागु गरिनेछ । सुशासनमा जोड दिनुका साथै भ्रष्टाचारमा शून्य सहशिलताको नीति लिइनेछ ।



दिपेश थारु
नगर प्रमुख

२८६. नगरको समग्र तथ्याङ्क अध्यावधिक गरी तथ्याङ्कको आधारमा आयोजना तर्जुमा र नतिजाको आधारमा अनुगमन तथा मूल्याङ्कन गरी नगरको गतिविधि प्रभावकारी बनाइनेछ ।

२८७. स्थानिय तह संचालनका लागि आवश्यक पर्ने थप नीति, आवधिक योजना तथा गुरुयोजना र कानूनको तर्जुमा गरी नगरपालिकाको कार्यलाई थप व्यवस्थित बनाइनेछ ।

२८८. सबै नगरवासीहरुलाई छिटो, छरितो, पहुँचयोग्य र प्रभावकारी न्याय प्रणालीको विकासका लागि न्यायीक समितिको क्षमता विकास कार्यक्रम संचालन तथा मेलमिलाप सेवाकेन्द्रको विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

२८९. सबै वार्डमा मेलमिलाप कर्ताको व्यवस्था गरि न्यायमा समान पहुच पुर्याउन सहयोग गरिने छ । सहज पहुँचयुक्त न्याय प्रणालीको प्रवर्धनका लागि न्याय सम्पादनलाई छिटोछरितो, सरल, सुदृढ, व्यवस्थित, प्रभावकारी र समय सापेक्ष बनाईने छ । न्ययिक समितिबाट सम्पादन गरिने न्याय प्रणालीलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

२९०. नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सरोकारवालाहरु सँगको समन्वयमा नगरपालिकाका कार्यकक्रम संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

२९१. विपद् व्यवस्थापन र समाजिक आर्थिक रुपान्तरणकालागि राष्ट्रिय तथा अन्तराष्ट्रिय विभिन्न नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकासँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल गरिनेछ ।

२९२. स्थानिय सवालहरुमा एक रुपता कायम गर्न अन्तरपालिका सरोकारवाला कार्यालय अन्तर जिल्ला, अन्तर प्रदेश बिच छलफल बैठक राखिनेछ ।

२९३. विपद् व्यवस्थापन अग्नी नियन्त्रण फोहर व्यवस्थापनका सम्बन्धमा गेरुवा गाउँपालिका, मधुवन नगरपालिका, टिकापुर नगरपालिका सित अन्तर पालिका बैठक राखि समन्वय सहकार्यलाई आगाडी बढाईनेछ ।

२९४. सुचनाको हकलाई प्रभावकारि बनाउन स्थानिय संचार कर्मीहरु सँगको सहकार्यलाई अझ प्रबल बनाईने छ । पालिकाले गरेका असल अभ्यास र



दिपेश थारु
नगर प्रमुख

कृर्याकलापलाई विभिन्न संचार माध्यमबाट जनता समक्ष सम्प्रेशन गरिनेछ ।

२९५. दातृ निकायहरुलाई राजापुर नगरपालिकाको विकास निर्माणमा सहभागिताको लागि अनुरोध गर्दै स्वस्थ लगानीमैत्री वातावरण सृजना गरिनेछ ।

२९६. राजापुर नगरपालिकाभित्र संचालित आयोजनाहरुलाई निरन्तरता दिन साझेदार संस्थाहरुसँग अनुरोध गरी आयोजनाहरु नियमितरुपमा संचालनमा ल्याइनेछ ।

२९७. यस क्षेत्र भित्र काम गर्न चाहने विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई काममा दोहोरोपन नआउने गरी स्वीकृत दिइनेछ ।

२९८. गै.स.स. हरुलाई जनहितमा कार्यक्रमहरु संचालन गर्न अनुमति दिई सहकार्य समेत गरिनेछ ।

२९९. सभा सकिएपछि पनि अनुमति लिन आउने सामाजिक संस्थाहरुलाई नगर प्रमुखबाट औचित्य हेरी अनुमति दिन सक्ने गरी व्यवस्था मिलाइनेछ ।

३००. गैरसरकारी संस्थाको दर्ता नवीकरण तथा सुचिकृत, विघटन र खारेजी तथा नियमन कार्यलाई व्यवस्थित गरिनेछ । सहकारी, सामुदायिक र गैरसरकारी संघसंस्थाहरुबाट प्रस्तावित बजेट तथा कार्यक्रम नगरसभाले अनुमोदन गरे मात्र कार्यक्रम संचालन गर्न दिने नीति लिइनेछ ।

सभाध्यक्ष महोदय,

अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रमका सम्बन्धमा सभाका सदस्य ज्यूहरुबाट गहन मार्गदर्शन एवम् रचनात्मक सुझावहरु प्राप्त हुने नै छन् र उक्त गहन मार्गदर्शन एवम् रचनात्मक सुझावहरुलाई मनन् गरी समग्र नगरपालिकाको विकासलाई याथोचित ढंगले सम्बोधन हुने गरी बस्तुनिष्ठ नीति तथा कार्यक्रम पारित गर्नमा सहयोग प्राप्त हुने विश्वास लिइएको छु । नगरपालिकाको समग्र विकास अभियानमा सदैव संबेदनशिल भै सहयोग गर्नुहुने सबै राजनीतिक दल, सरकारी कार्यालयहरु, विकास साझेदार गैरसरकारी संघ संस्थाहरु, नागरिक समाज,



दिपेश थारु
नगर प्रमुख

बुद्धीजिवी, पत्रकार लगाएतका विभिन्न सामाजिक संघ संस्थाहरु र आदरणिय नगरबासीहरुमा हार्दिक आभार व्यक्त गर्दछु । यस नीति तथा कार्यक्रमको पारित गरि कार्यान्वयनका लागि यहाँहरुबाट सदा झै निरन्तर सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा राख्दछु । प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा अहोरात्र खटिइ जिम्मेवारी पुरा गर्नुहुने सबै जनिप्रतिनिधी कर्मचारी साथीहरुमा समेत आभार एवम् धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।

प्रमाणिकरण गर्ने
दिपेश थारु
नगर प्रमुख
मिति २०७९।०३।०८